# लोक सेवा आयोग

## (अन्तर्वार्ता तथा सिफारिस शाखा)

सूचना नं. ३१०/०८२-८३

**अन्तर्वार्तासम्बन्धी सूचना।**

मितिः २०८२।०५।१३

आयोगको विज्ञापन नम्बर १७१८७/०८१-८२ (महिला), नेपाल इञ्जिनियरिङ्ग सेवा, सर्भे समूह, रा.प. द्वितीय श्रेणी (प्रा.), उपसचिव वा सो सरह पदको लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवार ज्योति ढकाल (रोल नं. ८७००१७) को शैक्षिक योग्यता विज्ञापन प्रकाशन गर्दा तोकिएको शैक्षिक योग्यता र नेपाल इञ्जिनियरिङ्ग सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को अनसूची ३ मा तोकिएको शैक्षिक योग्यतासँग मिल्दो नदेखिएकोले निजको दरखास्त फाराम र लिखित परीक्षा रद्द गरी निजको नाम अन्तर्वार्ता सूचीबाट समेत हटाउने" भनी आयोगबाट मिति २०८२।०३।०६ मा निर्णय भएकोमा उक्त निर्णयका विरुद्ध निज उम्मेदवार ज्योति ढकाल (रोल नं. ८७००१७) ले सम्मानित सर्वोच्च अदालतमा दायर गरेको रिट नं. ०८१-WO-१४७७ मुद्दा उत्प्रेषण परमादेश समेत उपर सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२।०३।३१ मा "निज उम्मेदवारलाई अन्तर्वार्ता सूचीबाट हटाउने गरी आयोगबाट भएको निर्णय सम्बन्धी कारवाही उत्प्रेषणको आदेशले बदर गरी निवेदक ज्योति ढकालको योग्यता पुगेको ठहरेकोले अन्तर्वार्ता सूचीमा निजको नाम समावेश गरी कानून बमोजिमको कार्यविधि पूरा गरी निवेदकको नाम सहितको सूचना प्रकाशन गरी अन्तर्वार्ता लिने काम कारवाही अगाडि बढाउनु" भनी परमादेशको आदेश जारी भएकोले निज उम्मेदवारको अन्तर्वार्ता मिति २०८२ भाद्र ३० गते बिहान ११:०० बजे, लोक सेवा आयोग, कमलपोखरीमा सञ्चालन हुने व्यहोरा मिति २०८२/०५/१३ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| | | |
|---|---|---|
| **(माधब घिमिरे)** | **(देबेन्द्र शर्मा)** | **(दिपक खड्का)** |
| **शाखा अधिकृत** | **शाखा अधिकृत** | **उपसचिव** |